मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## १५ दिनभित्र घरटहरा हटाउन अल्टिमेटम

**मधेशदृष्टि**
**बारा।**
डिभिजन वन कार्यालय बाराले पथलैया सामुदायिक वन क्षेत्रभित्र दुधौरा खोला नजिक वन अतिक्रमण गरी निर्माण गरिएका घरटहरा तथा अन्य संरचना हटाउन १५ दिने अल्टिमेटम दिएको छ । कार्यालयले सूचना जारी गर्दै वन क्षेत्रभित्र अनधिकृत रूपमा घरटहरा निर्माण गरी बसोबास तथा व्यवसाय सञ्चालन गर्नु प्रचलित कानुनविपरीत रहेको जनाएको छ।
तोकिएको समयभित्र संरचना हटाएर वन क्षेत्र खाली नगरे अतिक्रमणमा प्रयोग भएका काठ तथा अन्य मालवस्तु जफत गर्नुका साथै संलग्न व्यक्तिमाथि कानुनअनुसार

बाँकी पृष्ठ ३ मा

● वर्ष ४ ● अंक २६८ ● २०८३ साल भाद्र १८ गते बिहीबार ● Thursday 03, September 2026 ● सूर्योदयः बिहान ०५:४२ बजे ● सूर्यास्तः साँझ ०६:२३ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

# विपद्को समयमा सहयोगको हातः

## चाचान समूहद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५१ लाख सहयोग



**मधेशदृष्टि**
**वीरगंज।**
चाचान समूहका अध्यक्ष, वीरगंजका वरिष्ठ उद्योगपति तथा समाजसेवी बाबुलाल चाचानले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५१ लाख रुपैयाँ सहयोग गरेका छन्।
चाचान समूहअन्तर्गतका विभिन्न उद्योग तथा प्रतिष्ठानको तर्फबाट यो रकम एभरेस्ट बैंकमा रहेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गरिएको हो।
सहयोग रकममध्ये नारायणी आयल रिफाइनरीबाट ४१ लाख रुपैयाँ, नारायणी मोर्डन प्लस इन्डस्ट्रिजबाट ५ लाख रुपैयाँ र आदर्श पोली प्लास्टिकको तर्फबाट ५ लाख रुपैयाँ गरी जम्मा ५१ लाख रुपैयाँ सहयोग गरिएको चाचान समूहले जनाएको छ।
रकम हस्तान्तरण गर्दै चाचान समूहका अध्यक्ष बाबुलाल चाचानले विपद् र संकटको समयमा एक नेपालीले अर्को नेपालीलाई सहयोग गर्नुपर्ने बताए।
उनले भने, 'यस्तो दैवी प्रकोप र विपद्को समयमा हामी सबै नेपाली एकजुट भएर एक–अर्कालाई सहयोग गर्नुपर्छ । पीडित नागरिकको दुःखमा साथ दिनु हाम्रो सामाजिक दायित्व पनि हो।'
चाचान समूहले विपद्को समयमा राज्य तथा प्रभावित नागरिकलाई सहयोग पुऱ्याउने उद्देश्यले सहयोग गरेको जनाएको छ।
समाजसेवा र मानवीय सहयोगमा उद्योगी–व्यवसायीको पनि महत्वपूर्ण भूमिका रहने भन्दै चाचान समूहले आगामी दिनमा समेत आवश्यक सहयोग जारी राख्ने प्रतिबद्धता जनाएको छ।

# तीन दाजुभाइको प्रतीक्षामा परिवार



**सुधा देव**
**सप्तरी।**
रामकुमार यादव आफ्ना तीन भाइ एकैपटक घर आउन सक्ने व्यग्र प्रतीक्षामा छन् । सप्तरीको बोदेबर्साइन नगरपालिका–८ काचनका यादव परिवारका जेठा छोरा रामकुमारले भोटेकोशी बाढीमा परी सम्पर्कविहीन भएका भाइहरू घर आउन सक्ने प्रतीक्षामा रहेको जानकारी दिए।
उनका सबै भाइ रसुवास्थित अपरत्रिशूली–१, जलविद्यत् आयोजनामा कार्यरत थिए । माइलो ३५ वर्षीय शिवकुमार यादव सुपरभाइजर, साइँलो ३१ वर्षीय देवकुमार यादव इन्जिनियर र कान्छो २५ वर्षीय सचित ओभरसियर पदमा कार्यरत थिए।
'घरमा चुलो नबलेको एक हप्ता भयो, भाइहरूकै सम्झानाले सताइरहेको छ,' रामकुमारले भने। 'भाइहरू अहिलेसम्म सम्पर्कमा नआए पनि झिनो आशामा उनीहरू घर आउने प्रतीक्षामा हामी छौँ,' उनले भने।
स्थानीय विनोद साहका अनुसार ७० वर्षीया आमा छिनछिनमा छोरा ल्याइदेऊ, छोराहरूबिना कसरी बस्नु भन्दै बेलाबेलामा मुर्छित छिन् । आमा र सम्पर्कविहीन भएका दाजुभाइका पत्नीहरूको अवस्था पनि दुःखद् छ । कतिबेला श्रीमान् भेटिएला र खबर आउँला भन्ने पर्खाइमा उनहरू कुरिरहेका छन्।
माइलो, शिवकुमारको विवाह भएको पाँच वर्ष भयो । उनका दुई सन्तानसमेत छन् । साइँलो छोरा देवकुमारको यही वैशाखमा विवाह भएको हो । कान्छो सचित भने अविवाहित थिए । तीनवटै छोराहरू रसुवामा काम गर्न थालेपछि सुखी थियो यादव परिवार।
शिवकुमारको पत्नीसँग बाढी गएको दिन बिहान भलाकुसारी भएको थियो । बाढी आउने कुनै अत्तोपत्तो थिएन । एक्कासी सम्पर्कविहीन भएको उनकी पत्नीले बताइन्।
बुबा लालबहादुर भने छोराहरूको खोजीका लागि रसुवा गएको चार दिन बित्यो । छोराहरूसँग कतै सम्पर्क हुन सकेन । लालबहादुरले भने । उनीहरूको जस्तै विष्णुपुर गाउँपालिका–१ खुरहुरियाका ३६ वर्षीय इन्जिनियर अजयकुमार यादवको परिवारको पीडा उस्तै छ । अजय पनि बाढी आएकै दिनदेखि सम्पर्कविहीन छन् । उनी रसुवा जिल्लाको उत्तरगया गाउँपालिका–५ स्थित नीलकण्ठ माध्यमिक विद्यालय बोगटीटारमा कार्यरत शिक्षक थिए । उनी सोही

बाँकी पृष्ठ ३ मा

# 'कहिले आउला छोराको खबर ?'



**मधेशदृष्टि**
**महोत्तरी।**
रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीपछि महोत्तरीका दुई परिवार अहिले आफ्ना घरका मुख्य सहारा बनेका सन्तानको खबर पर्खिरहेका छन् । मटिहानी–७ का गंगाराम मण्डल र जलेश्वर नगरपालिका–७ का हसन अन्सारी बाढीपछि सम्पर्कविहीन छन् । दिन बित्दै जाँदा दुवै परिवारमा चिन्ता, पीडा र निराशा बढ्दै गएको छ।
मटिहानी–७ का गंगाराम मण्डल रसुवामा पर्यटकलाई मानसरोवर यात्रा गराउने रिचा ट्रेकमा कुकका रूपमा काम गर्दै आएका थिए । उनले भदौ ९ गते परिवारसँग अन्तिमपटक कुराकानी गरेका थिए । त्यसपछि गंगारामसँग परिवारको सम्पर्क हुन सकेको छैन।
आठ दिनसम्म पनि छोराको खबर नआएपछि श्रीमती गुञ्जा देवी, वृद्ध बुवा अशेश्वर मण्डल, आमा मिथिला देवी र चार सन्तान उनको पर्खाइमा छन् । परिवार चलाउने मुख्य जिम्मेवारी गंगारामकै काँधमा थियो । श्रीमान् सम्पर्कविहीन भएपछि गुञ्जा देवीका लागि हरेक दिन झन् भारी बन्दै गएको छ।
गंगाराम घरका मुख्य सहारा थिए। छोरा बेपत्ता भएपछि वृद्ध बुवा अशेश्वर मण्डल गहिरो पीडामा छन् । छोराको खबर आउने आशामा आमा मिथिला देवी दिनरात बाटोतर्फ हेरेर बसिरहेकी छन् । छोरा सकुशल घर फर्किने आशाले उनको पर्खाइ अझै टुटेको छैन।
गंगारामको परिवारमा जस्तै जलेश्वर नगरपालिका–७ का हसन अन्सारीको परिवार पनि अहिले छोराको खबरको प्रतीक्षामा छ।
ग्यारेज मेकानिकका रूपमा काम गर्दै आएका हसनले रसुवामा काम गर्न थालेको १० दिन मात्रै भएको थियो । बाढी आउनुभन्दा एक दिनअघि मंगलबार उनले आमाबुवालाई आफू घर फर्किन लागेको बताएका थिए । बुधबार बिहानसमेत आमाबुवासँग फोनमा कुराकानी भएको थियो।
तर त्यसपछि हसनको फोन आएन । उनी घर पनि फर्किएनन्। भोटेकोशीमा आएको बाढीपछि छोरा सम्पर्कविहीन भएपछि बुवा माजिद अन्सारी र आमा मुलिमा खातुनको आँसु रोकिएको छैन।
हसन बुवा–आमाका जेठो छोरा हुन् । उनका चार बहिनी छन् । परिवारको सहारा बनेका दाजु आठ दिनदेखि सम्पर्कमा

बाँकी पृष्ठ ३ मा





# १२ दिनमा ७ आत्महत्या



**राकेश यादव**
**रौतहट।**
१२ दिनको अन्तरालमा ७ जना झुन्डिएको अवस्थामा फेला परेका छन् । भदौ ६ देखि १७ गते सम्म १ जना ८८ वर्षीय जेष्ठ नागरिक, १ जना गर्भवती, २ युवती, १ पुरुष र २ विवाहित महिला झुडिएको अवस्थामा मृत फेला परेका हुन्।
जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार बुधबार २ जना मृत भेटिए । राजपुर नगरपालिका वडा नम्बर ५ का पूर्वप्रतिनिधि सभा सदस्य किरण साहको ८८ वर्षीय बुवा हजारी साह तेली पुरानो घरमा धोतीले पासो लगाएर झुन्डिएको अवस्थामा फेला परे । घटनाबारे प्रहरीलाई जानकारी हुँदा इलाका प्रहरी कार्यालय राजपुर फरहदवाबाट गएको टोलीले झुन्डेर मृत्यु भएको साहलाई कानूनी प्रक्रिया पूरा गरी शव परीक्षण गराई दाहसंस्कारका लागि परिवारको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक बसन्त गौतमले जानकारी दिए।
आत्महत्या के कारणले गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।
त्यस्तै, देवाही गोनाही नगरपालिका वडा नम्बर ३ गोठटोल बस्ने रौनक राज पटेलको १९ वर्षीय श्रीमती सुमेदी कुमारी पटेल भान्सा कोठाभित्र सलको पासो लगाइ झुन्डेर मृत्यु भएको अवस्थामा भेटिइन्।
यसअघि भदौ ६ गते देवाही गोनाही नगरपालिका वडा ५, टिकुलियामा घर भाडामा लिएर मोटरसाइकलको पसल सञ्चालन गरेका बारा, कलैया उपमहानगरपालिका वडा नम्बर १ घर भएका ३५ वर्षीय सुमित पटेल झुन्डिएको अवस्थामा मृत भेटिए।
भदौ ८ गते स्थानीय परोहा नगरपालिका वड़ा नम्बर ३ तेजपाकड निवासी शेख समीउल्लाहका १७ वर्षीया श्रीमती अंगूरी खातून, बौधिमाई नगरपालिका वडा नम्बर २ इनरवा टोल बस्ने सुभेष सहनीको ३ महिनाको गर्भवती श्रीमती २८ वर्षीय मञ्जू देवी घरमै मृत भेटिए। भदौ १४ गते परोहा नगरपालिका वडा नम्बर ४ पोखरिया टोल निवासी जफीर देवानको १६ वर्षीय छोरी सुबुन तारा र १५ गते देवाही गोनाही नगरपालिका–३ घर भई गरुडा नगरपालिका वडा नम्बर ७ पिपरियामा बस्दै आएकी राम बिनय पटेलकी १४ वर्षीय छोरी मिसिला पटेलले स्वेक्षा मृत्युको बाटो रोजेर मृत्युवरण गरेकी छिन्।
आत्महत्याको तथ्यांक हेर्दा रौतहटको अवस्था चिन्ताजनक देखिएको छ । दिनप्रतिदिन हुने आत्महत्याका घटना न्यूनीकरण गर्न स्थानीय पालिकाले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न चासो देखाउनु पर्ने आवश्यकता छ।

सम्पादकीय

# रसुवा बाढीको आठौँ दिन पनि पीडा नै पीडा

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको पीडादायी घटना घटेको आठ दिन भइसकेको छ । यो अवधि प्राकृतिक प्रकोपले मात्र होइन, राज्यको तर्फबाट आवश्यक तत्परता र संवेदनशीलताको अभावले पनि पीडितहरूलाई थप मर्माहत बनाएको छ । नदीले बगाएका र विभिन्न स्थानमा अलपत्र परेका वा फसेका नागरिकहरूको अझैसम्म प्रभावकारी खोजी र उद्धार हुन नसक्नु गम्भीर चिन्ताको विषय हो । विपद्को पहिलो र मुख्य प्राथमिकता मानवीय जीवनको रक्षा हुनुपर्नेमा राज्ययन्त्रले अझैसम्म ठोस र राहतमुखी परिणाम दिन सकेको छैन।

बुधबार प्रधानमन्त्रीले बाढी र यसबाट सिर्जित जनधनको क्षतिप्रति राष्ट्रका नाममा सम्बोधन गरेका छन्। सम्बोधनका क्रममा प्रधानमन्त्रीले उद्धार, राहत र पुनस्थापनालाई तीव्र बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। तर, कागजी घोषणा र भाषणले मात्र घरखेत गुमाएका, आफन्त हराएका र भोकभोकै बसिरहेका पीडितहरूको आँशु पुछन सक्दैन । जनतालाई अहिले आश्वासन होइन, तत्काल जमिनमा देखिएको परिणाम, राहत सामग्रीको सहज पहुँच र युद्धस्तरको उद्धार अभियानको खाँचो छ।

घटनाको आठ दिन बितिसक्दा पनि फसेका मानिसहरूको खोजी कार्य सन्तोषजनक नहुनुले प्रशासनिक उदासीनता प्रस्ट्याउँछ । प्रियजनहरूको लास वा सासको प्रतीक्षामा रहेका परिवारका सदस्यहरू चरम मानसिक तनाव, अनिश्चितता र नैराश्यतामा बाँचिरहेका छन् । 'बाँचेका छन् कि' भन्ने झिनो आशा र आफन्त गुमाउनुपर्ने पीडाको दोहोरो चेपुवामा परेका उनीहरूको यो पीडालाई राज्यले महसुस गर्न सकिरहेको छैन । बेपत्ताहरूको खोजीमा आधुनिक प्रविधि, गोताखोर र पर्याप्त जनशक्तिको प्रयोग गर्न किन कन्जुस्याइँ भइरहेको छ भन्ने प्रश्न गम्भीर बनेको छ।

बाढी प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, औषधोपचार र अस्थायी बासस्थानको चर्को अभाव हुँदा पनि सरकारी निकायहरूको गति सुस्त देखिन्छ । बाटोघाटो भत्किएको बहाना बनाएर पीडितलाई समयमै राहत पुऱ्याउन नसक्नु राज्यको पूर्वतयारीको कमजोरीको परिणाम हो। सञ्चार माध्यममा आइरहेका उद्धारको प्रतीक्षा गरिरहेका नागरिकहरूको दृष्यले जिम्मेवार निकायको लाचारीलाई छताछुल्ल पारिदिएको छ । विपद् व्यवस्थापनका लागि बनेका संयन्त्रहरू संकटको बेला किन निस्क्रियप्रायः देखिन्छन् भन्ने प्रश्न अब टार्न सकिँदैन।

प्रधानमन्त्रीको सम्बोधनले सिर्जना गरेको झिनो आशालाई यथार्थमा बदल्न अब शब्दमा होइन, कर्ममा उत्रिनुपर्ने बेला आएको छ । बेपत्ताहरूको खोजी कार्यलाई तत्काल सर्वोच्च प्राथमिकता दिएर तीव्र पारिनुपर्छ भने सम्पूर्ण प्रभावितहरूलाई व्यवस्थित राहत र पुनस्थापनाको ग्यारेन्टी गरिनुपर्दछ।

नागरिकको जीवन रक्षाभन्दा ठूलो अरू कुनै पनि राजनीतिक वा प्रशासनिक कार्य हुन सक्दैन। राज्य साँच्चै नै जनताको अभिभावक हो भने भोटेकोशी पीडितहरूको यो पीडामा तत्काल मलम लगाउने गरी ठोस कदम चाल्नैपर्छ।

# विपत्तिपछि पुनरुत्थानः समृद्ध पर्यटन र सुदृढ भविष्य



–खुम सुवेदी

प्राकृतिक विपत्तिका अगाडि मानिस निसहाय बन्छ, तर उसको अदम्य साहस, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित हुँदैन । प्रकृतिको अनुपम वरदान, हिमशृङ्खलाहरूको काख र अद्वितीय संस्कृतिको धनी हाम्रो देश आज फेरि एकपटक प्रकृतिको कठोर परीक्षाबाट गुजरिरहेको छ । अविरल वर्षा, विनाशकारी बाढी र पहिरोका कारण रसुवागढी, नुवाकोट, धादिङ तथा मुग्लिन–काठमाडौँ जोड्ने मुख्य सडक धमनी कृष्णभीर क्षेत्रमा पहाडहरू खसेर यातायात र सञ्चार अवरुद्ध हुन पुगेका छन्।

यस प्राकृतिक प्रकोपले नेपालको पर्यटकीय यातायात, पदमार्ग र समग्र पर्यटन उद्योगमा गहिरो चोट पु¥याएको छ । रसुवागढी, लाङटाङ, गोसाइँकुण्डजस्ता पवित्र धार्मिक एवं साहसिक क्षेत्रतर्फ गएका श्रद्धालु यात्री, विदेशी पर्यटक, यातायात चालक, पर्यटन मजदुर, पदयात्राका पथप्रदर्शक (गाइड), भरिया र स्थानीय बासिन्दाहरू प्रभावित बनेका छन् तर इतिहास साक्षी छ—मानिस प्राकृतिक विपत्तिका अगाडि केही क्षणका लागि विवश देखिए पनि उसको अदम्य साहस, धैर्य, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित भएको छैन।

खोजी तथा उद्धारका कार्यहरू तीव्र रूपमा अगाडि बढिरहेको यो कठिन घडीमा हराइरहेका सबै नेपाली तथा विदेशी नागरिकहरूको शीघ्र सुरक्षित उद्धार, घाइतेहरूको अविलम्ब स्वास्थ्यलाभ र प्रभावित परिवारहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सबैको रहेको छ । निराशाको यो कालो बादल छिचोल्दै नेपालको पर्यटन उद्योग फेरि उठ्नै पर्छ र नयाँ ऊर्जाका साथ विश्वसामु चम्किनै पर्छ । पर्यटन उद्योग र व्यवसायलाई नयाँ ऊर्जाका साथ पुनर्जीवन दिनु, अर्थतन्त्रलाई गतिशील बनाउनु र सम्पूर्ण देशवासीमा आत्मविश्वास जगाउनु आजको मुख्य आवश्यकता हो।

**हिजोको गौरव, आजको चुनौती र भोलिको स्वर्णिम सम्भावना**

हिजोका दिनमा नेपाल केवल एक पर्यटकीय गन्तव्य मात्र थिएन; यो विश्वभरका पर्यटकहरूका लागि आत्मिक शान्ति, सगरमाथाको साहसिक पदयात्रा, लाङटाङको मनमोहक उपत्यका, अन्नपूर्णको अद्वितीय पदमार्ग र नुवाकोटका ऐतिहासिक धरोहरहरूको साक्षात पाठशाला थियो । हाम्रा कला, मौलिक संस्कृति र 'अतिथि देवो भवः' को संस्कारले विश्वलाई मोहित बनाएको थियो। आज अविरल वर्षा र पहिरोले हाम्रा पैदलमार्गहरू क्षति पु¥याएका छन्।

सडक सञ्जालहरू विच्छेद हुँदा पर्यटकीय आवागमन ठप्प प्रायः बनेको छ । यसले पदयात्राका गाइड, भरिया, यातायात चालक, साना पर्यटन व्यवसायी, चियापसल सञ्चालक र स्थानीय होमस्टे व्यवसायीहरूको रोजीरोटीमा प्रत्यक्ष धक्का पु¥याएको छ । विपत्तिले ल्याएको यो विनाशलाई हामीले एक ठूलो अवसरमा बदल्नु छ । आधुनिक, जलवायु–अनुकूल पूर्वाधार निर्माण गरेर, अन्तरराष्ट्रिय जगत्मा हराएको आत्मविश्वास पुनः फर्काउँदै नेपाललाई विश्वकै सुरक्षित, व्यवस्थित र जीवन्त पर्यटकीय स्वर्गका रूपमा पुनः स्थापित गर्नु आजको मुख्य कार्यदिशा हो।

**पर्यटन नै नेपालको मुख्य आर्थिक आधार**

वैदेशिक मुद्रा र कूल गार्हस्थ उत्पादन (जिडिपी) को मुख्य स्रोतः नेपालसँग विशाल खनिज वा ठूला औद्योगिक कारखानाहरू छैनन्; हाम्रो सबैभन्दा ठूलो र दिगो सम्पत्ति नै हाम्रा हिमाल, हरियाली, जैविक विविधता र मौलिक संस्कृति हुन् । देशमा पर्यटकीय गतिविधि बढाउनु नै देशको जिडिपी वृद्धि गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता दिने मुख्य आधार हो।

समावेशी रोजगार र स्थानीय अर्थतन्त्रको विकासः सहरका सुविधासम्पन्न होटलदेखि गाउँका साना चियापसलसम्म, हिमाली भेगका कठोर परिश्रम गर्ने भरियादेखि सांस्कृतिक कलाकारहरूसम्म—पर्यटनले बिना भेदभाव हरेक नेपालीको घरमा चुलो बाल्न र स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न मद्दत पु¥याउँछ। सभ्यता, संस्कृतिर मौलिकताको प्रवद्र्धनः पर्यटन केवल व्यापार मात्र होइन, यो हाम्रो कला, पञ्चेबाजा, लोक दोहोरी, हस्तकला, चिया पर्यटन र मौलिक नेपाली आतिथ्य परम्परालाई विश्वभरका मानिसहरूको मनमा पु¥याउने सबैभन्दा सशक्त माध्यम हो।

**सङ्कट समाधानका ठोस र व्यावहारिक कदमहरू**

– द्रूत खोजी, उद्धार र मानवीय प्राथमिकताः यतिबेला जोखिममा परेका पर्यटक, गाइड, भरिया, चालक तथा स्थानीयवासीको खोज तथा उद्धार कार्यलाई निरन्तरता दिँदै उनीहरूका लागि सुरक्षित आश्रय, खाद्यान्न, प्राथमिक उपचार र मनोवैज्ञानिक ढाडसको जरुरत पर्दछ।

– सडक मर्मत र वैकल्पिक पहुँचको सुनिश्चितताः नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटक आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू सुरक्षित छन् भन्ने सकारात्मक सन्देश समयमै अन्तरराष्ट्रिय जगत्मा पु¥याउनुपर्ने हुन्छ । मुग्लिन–काठमाडौँ (कृष्णभीर) र रसुवागढी–नुवाकोट मार्गको क्षतिलाई प्राथमिकताका साथ प्राविधिक अध्ययन गरी अल्पकालीन र दीर्घकालीन रूपमा सञ्चालनयोग्य बनाउनुपर्छ । मुख्य राजमार्ग अवरुद्ध हुँदा पर्यटकीय आवागमनलाई निरन्तरता दिन हवाई मार्ग तथा वैकल्पिक सडकहरूको सहज र सर्वसुलभ प्रयोग सुनिश्चित गराउन सक्नुपर्छ।

– सत्यतथ्य सूचना सम्प्रेषणः विपद्को समयमा पारदर्शी सूचना सम्प्रेषण र सकारात्मक सन्देशको महत्व निकै रहन्छ। प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य र पारदर्शी सूचना प्रवाह गर्नुपर्छ । नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटकीय आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू पूर्ण रूपमा सुरक्षित छन् भन्ने सकारात्मक सन्देश विश्वसामु पु¥याउनुपर्ने हुन्छ । प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य, अद्यावधिक र पारदर्शी ढङ्गबाट सूचना प्रवाह गर्ने संयन्त्र हुन आवश्यक छ।

– पूर्वाधार सुरक्षा र जलवायु–अनुकूल पर्यटनः पूर्वाधार सुरक्षा र जलवायु–अनुकूल पर्यटनको विकासमा ध्यान दिनुपर्ने देखिन्छ । भविष्यमा कृष्णभीर वा अन्य संवेदनशील भौगोलिक क्षेत्रमा पर्न सक्ने क्षति न्यूनीकरणका लागि जलवायु–अनुकूल पूर्वाधार निर्माणमा जोड दिँदै पदयात्रा तथा साहसिक भ्रमण सञ्चालन गर्दा मौसमको पूर्वसूचना प्रणालीलाई अनिवार्य पालना गर्ने व्यवस्था मिलाउन सकिएमा जस्तोसुकै विपद्मा पनि मानवीय तथा भौतिक क्षतिलाई रोक्न सकिन्छ।

– प्रभावित व्यवसायी र श्रमिकका लागि राहत प्याकेजः विपत्तिका कारण रोजगारी र व्यवसाय प्रभावित भएका पथप्रदर्शक, भरिया, चालक, साना पर्यटन व्यवसायी र श्रमिकहरूलाई लक्षित गरी अल्पकालीन सहायता, कर छुट र पुनरुत्थान योजना राज्य र निजी क्षेत्रको सहकार्यमा लागू गराउन सरकारबाट पहल हुन आवश्यक छ।

**अन्तरराष्ट्रिय कूटनीतिक नियोगहरूसमक्ष आह्वान**

नेपालको पर्यटन पूर्ण रूपमा सुरक्षित छ र देश विश्वभरका पर्यटकहरूलाई स्वागत गर्न आतुर छ भन्ने सन्देश अन्तरराष्ट्रिय मञ्चमा पु¥याउन सरकारको तर्फबाट छिटै ऐतिहासिक कूटनीतिक सम्मेलन आयोजना गरिनु सान्दर्भिक देखिन्छ । त्यस कार्यक्रममार्फत नेपालस्थित विभिन्न मुलुकका राजदूत, कूटनीतिक नियोगका प्रमुख, महावाणिज्यदूत, अन्तरराष्ट्रिय विकास साझेदारहरू, नाट्टा, टानलगायतका अग्रणी पर्यटन व्यवसायी सङ्घ–संस्थाहरूलाई एकै ठाउँमा आमन्त्रित गरी राज्यका शीर्ष नेतृत्व तहबाट विश्वव्यापी रूपमा आधिकारिक संयुक्त घोषणा गर्दा त्यसले विश्व समुदायमा नेपालको छविलाई अझ उजिल्याउन मद्दत पुग्दछ।

यसबाट हालैको अविरल वर्षा र बाढी–पहिरोले देशका केही सडक पूर्वाधार र सञ्जालमा क्षणिक चुनौती खडा गरे तापनि नेपालका अधिकांश पर्यटकीय गन्तव्यहरू पूर्ण रूपमा सुरक्षित, जीवन्त र सुचारु रहेका छन् भन्ने सन्देश जानेछ। बाढी र पहिरो प्रभावित क्षेत्रहरूमा द्रुत उद्धार, राहत र पूर्वाधार पुनरुत्थानको काम तीव्रताका साथ अगाडि बढाइसकिएको छ । पर्यटन नै नेपालको जीडीपी र समावेशी अर्थतन्त्रको मुख्य मेरुदण्ड भएकाले राज्यले यस क्षेत्रको पुनर्निर्माणलाई सर्वोच्च प्राथमिकतामा राखेको भन्दै पुर्ननिर्माणमा सहयोगका लागि आह्वान गर्न सकिन्छ । यो विदेशी नागरिक तथा विश्वभरका पर्यटकहरूलाई निर्धक्क भएर नेपाल भ्रमणमा आउन र यहाँका हिमाल, संस्कृति र आतिथ्यको अद्वितीय अनुभव लिन हार्दिक आह्वान गर्ने महत्वपूर्ण अवसर पनि हुनेछ।

**पुनरुत्थानको साझा सङ्कल्प**

रात जतिसुकै कालो र लामो भए पनि बिहानीको सूर्य उदाउन कसैले रोक्न सक्दैन । नुवाकोटका डाँडाकाँडा, रसुवाका हिमाल र कृष्णभीरका पहिराहरूले हामीलाई केही समयका लागि रोक्न खोजे पनि नेपालीहरूको पुनरुत्थानको चेतना, हिम्मत, भरियाहरूको समर्पण र आतिथ्यको भावनालाई कहिल्यै ढाल्न सक्दैनन् । पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन राज्य र निजी क्षेत्रको सहकार्यमा विशेष आर्थिक र नीतिगत सहजीकरण गराउन सकिन्छ।

प्राकृतिक विपत्तिले अल्पकालीन रूपमा हाम्रा सडक पूर्वाधार र पर्यटन व्यवसायमा चुनौती खडा गरे पनि नेपालको अद्भूत सौन्दर्य, अतिथि सत्कारको परम्परा र नेपालीहरूको अदम्य साहस कहिल्यै कमजोर हुनु हुँदैन । यस्तो बेला निराशालाई आशामा बदल्दै नेपालको पर्यटन सुरक्षित र जीवन्त छ भन्ने अठोटका साथ सामूहिक मनोबल उच्च राख्नुपर्छ । सरकारी निकाय, व्यवस्थापिका, पर्यटन सम्बद्ध सङ्घ–संस्था, स्थानीय समुदाय, सञ्चार जगत् र अन्तरराष्ट्रिय कूटनीतिक नियोगहरू एक ठाउँमा उभिएर निराशालाई आशामा बदल्नु आजको राष्ट्रिय आवश्यकता हो । एकीकृत उद्धार, द्रूत पूर्वाधार विकास, राज्यको उच्चस्तरीय कूटनीतिक पहल र उच्च आत्मबलका साथ नेपालको पर्यटन उद्योग फेरी अझ सुरक्षित, व्यवस्थित र समुन्नत रूपमा टाउको उठाएर उभिनेछ। रासस

# 'स्थलगत अध्ययन नगरी पञ्चकुण्ड हिमताललाई जोखिमयुक्त भन्न मिल्दैन'

सन्तोष गौतम/रासस



म्याग्दीका उद्धारकर्मी इन्द्रसिंह शेरचनले विसं २०६० मा पहिलोपटक अन्नपूर्ण आधार शिविर पुग्दा ससाना पाँच ताल प्रष्ट देखे।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ मा समुद्री सतहदेखि चार हजार ५० मिटर उचाइमा रहेको पञ्चकुण्ड ताल पछिल्लो समय एउटै देखिन थालेकामा उनले अनौठो मान्नुभएको छ । 'हिउँदका चार महिनाबाहेक अन्य समयमा पाँच कुण्डहरू देखिन्थे,' उनले भने, 'अहिले पहिलेको जस्तो कुण्डहरू देखिन छाडेको छ।'

पहिले तालको किनारैकिनार हिँडेर आरोही र भरियाहरू आधार शिविर पुग्ने गरेकामा २०६४ सालमा तिलिचो तालबाट हिउँपहिरो खसेर जनधनको क्षति गरेपछि चार हजार १९० मिटर उचाइमा अवस्थित हालको आधार शिविर प्रयोगमा ल्याइएको पर्यटन व्यवसायी शेरचनले बताए । अन्नपूर्ण, फ्रेन्क, तिलिचो र नीलगिरि हिमालको फेदीमा गोलो आकारको ताल रहेको छ। अन्नपूर्ण र तिलिचो हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर प्राकृतिक हिमताल बनेको हो । जिल्लाको नयाँ पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास भएको पञ्चकुण्ड हिमतालमा जलवायु सङ्कटका छायाँ देखिन थालेको छ।

अन्नपूर्ण –६ मा घर भएका पर्यापर्यटनसम्बन्धी अध्यता घनश्याम खड्का हिमपहिरोको जोखिम र तापक्रम वृद्धिको असरबाट पञ्चकुण्ड ताल पनि अछुतो नरहेको बताउँछन् । 'एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड)का विज्ञले उपलब्ध गराएको तथ्याङ्कअनुसार सन् २०१३ मा ०.०४१ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको पञ्चकुण्ड हिमतालको आकार सन् २०२५ मा बढेर ०.३८८ वर्गकिलोमिटर पुगेको छ,' उनले भने, 'विगत १२ वर्षका अवधिमा अन्नपूर्ण हिमताल (पञ्चकुण्ड ताल)को आकार ८४६ प्रतिशतले विस्तार भएको इसिमोडको तथ्याङ्क छ।'

विसं २०६७ मा अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग पहिचानका लागि नारच्याङका स्थानीयहरूको अगुवाइ गरेर गएका अभियान्ता तेज गुरुङका अनुसार पाँच कुण्ड देखिएपछि पञ्चकुण्ड नामकरण गरिएको थियो। 'शेर्पाहरूले 'डिकिचो' भन्ने यस ताललाई हामीहरूले नै पञ्चकुण्ड नामकरण गरेका हौँ,' उनले भने, 'धार्मिक हिसाबले पनि यसलाई पञ्चकुण्ड भनिएको हो ।' शेर्पा भाषामा डिकिचोको अर्थ जमेको ताल हो।

यहाँ रक्त, दुग्ध, ताम्र, शुद्ध र स्वर्ण गरी पाँच छुट्टाछुट्टै ताल भएको हिन्दू धार्मिकग्रन्थ पञ्च रामायणमा उल्लेख छ । धर्मग्रन्थका अनुसार परापूर्वकालमा कागभुसुन्दी नाम गरेका एक जना ऋषिले तपस्या गरेर ज्ञान आर्जन गरेर यो तालका बारेमा विभिन्न ठाउँमा प्रचारप्रसार गरेका थिए।

पितृको सम्झनामा पिण्डदान गर्नाले पुण्य प्राप्त हुने विश्वास छ। ताललाई धार्मिक आस्थासँग जोड्न परिसरमा शिव मन्दिर निर्माण गरिएको छ । स्थानीयवासीले पञ्चकुण्ड नजिकै रहेको डाडाँलाई कागभुसुण्डी नामकरण गरेका छन्।

विसं २०७७ देखि सञ्चालनमा आएको नारच्याङदेखि अन्नपूर्ण हिमालको आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गमा पर्ने पञ्चकुण्ड तालको विशेषता हिमाल, आधार शिविर र ताल एकैठाउँमा अवलोकन गर्न पाउनु हो। पर्यटकले तालको किनारमा टहलिएर शान्त वातावरणमा रमाउने र ध्यान गर्छन्। कोही ताल र हिमाललाई पृष्ठभूमिमा पारेर तस्बिर, भिडियो खिच्ने र सामाजिक सञ्जालका सामग्री बनाउँछन्। तीन वर्षअघिसम्म यो ठाउँ सुनसान थियो । प्राकृतिक सौन्दर्य र धार्मिक महत्व स्थानीयस्तरमा सीमित थियो । मौरिस हर्जोग पदमार्गमा आधारभूत पूर्वाधार निर्माण भएर सञ्चालनमा आएसँगै पञ्चकुण्ड तालमा चहलपहल बढेको हो।

अभियान्ता गुरुङ हिउँदमा हिउँ जम्ने र गर्मीयाममा निलो देखिने तालमा चैत महिनामा मात्र पाँचवटा कुण्ड देख्न सकिने भए पनि क्षेत्रफल बढेको र जोखिम हुने विषयप्रति भने असहमति जनाउँछन् । 'अहिलेसम्म अन्नपूर्ण आधार शिविरबाट बग्ने खोलामा बाढी आएको इतिहास छैन र तालको क्षेत्रफल बढेको होइन, गहिरिएको हो,' उनी भन्छन्, 'विज्ञहरूले स्थलगत अध्ययन नगरी पञ्चकुण्ड हिमताललाई जोखिमयुक्त भन्न मिल्दैन।'

पञ्चकुण्डको पानी बग्ने मिस्त्रीखोला नारच्याङमा आएर कालीगण्डकी नदीमा मिसिन्छ। यो खोलाको पानी प्रयोग गरेर १५२ मेगावाट क्षमताका तीनवटा जलविद्युत् आयोजना निर्माण भएका छन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले पञ्चकुण्ड तालको विषयमा हालसम्म अध्ययन अनुसन्धान नभएको बताए।

'विश्वव्यापी तापक्रम वृद्धिको असर देखिन थालेकाले पञ्चकुण्ड तालको जोखिमको अवस्थाका विषयमा अध्ययन गर्नुपर्ने महसुस गरेका छौँ,' उनले भने, 'हामीसँग स्रोतसाधन र विज्ञ जनशक्ति नभएकाले सङ्घीय सरकारसँग अध्ययन अनुसन्धानका लागि अनुरोध गर्ने सोचेका छौँ।'

विश्वको औसत तापमान १.५ प्रतिशतले बढ्दा हिमालय क्षेत्रमा १.८ देखि दुई डिग्री सेल्सियससम्म बढ्ने गरेको अध्ययनले देखाएको छ । विश्वव्यापी तापमान वृद्धिका कारण हिमालय क्षेत्रमा हिमगलन बढ्नुका साथै नयाँ हिमताल थपिने, विस्तार हुने र विस्फोटन हुन दर बढिरहेको छ। कम वर्षा र हिमपात उच्च हुने हिमाली क्षेत्रमा पछिल्लो समय अनपेक्षित रूपमा उच्च वर्षा हुँदा बाढीपहिरोका घटना बढिरहेका म्याग्दीसमेत कार्यक्षेत्र भएको भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतका वरिष्ठ जलाधार संरक्षण अधिकृत शम्भुकुमार मिश्रले बताए।

उनका अनुसार गण्डकी प्रदेश सरकार मातहतको ताल प्राधिकरणले पञ्चकुण्डलगायत प्रदेशभरका सबै तालतलैयाको विद्युतीय प्रोफाइल तयार पारेको छ । हालसम्म यस हिमतालको विस्तृत भौगोलिक जोखिम मूल्याङ्कन भएको छैन।

अन्नपूर्ण हिमनदी तीव्र खुम्चाइ, पर्माफ्रोष्टको छिटोछिटो पग्लने क्रमले ताल क्षेत्र वरपरको थर्मोकाष्टको अवस्थाको ल्यान्डसट, सेन्टिनेल प्रयोग गरी अध्ययनमात्र होइन, तालको गहिराइ, मोरिन बाँधको भौगोलिक अवस्थिति आदि पत्ता लगाउन जियो राडडर (जिपिआर), सिस्मिक र विद्युतीय इआरटी उपकरणमार्फत अध्ययन आवश्यक देखिएको छ।

गण्डकी प्रदेशको वन तथा वातावरण मन्त्रालयका प्रवक्ता पूर्णेश्वर सुवेदीले जलवायु परिवर्तनले पारेको असरका बारेमा विश्व समुदायको ध्यानाकर्षण गराउन यस वर्ष कालीगण्डकी बेसिनमा जलवायु संवाद कार्यक्रम गर्न लागिएको जानकारी दिए।

'औद्योगिक देशहरूको कारण तापक्रम वृद्धिमा भएको असर हिमाली क्षेत्रमा देखिएको मुद्दालाई अन्तरराष्ट्रियकरण गर्न कालीगण्डकी जलवायु संवाद कार्यक्रम आयोजना गर्न लागिएको हो,' उनले भने, 'जलवायुजन्य विपद्को जोखिमयुक्त क्षेत्र पहिचान गरेर प्रविधियुक्त पूर्वानुमान प्रणाली प्रयोगमा ल्याउनुपर्ने महसुस गरेका छौँ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# ५ लाख बराबरको राहत सामग्री लिएर टोली प्रस्थान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
विनाशकारी बाढीबाट प्रभावित नागरिकका लागि राहत सामग्री लिएर जनकपुरधामबाट एक टोली प्रभावित क्षेत्रतर्फ प्रस्थान गरेको छ।
जनकपुरधाम आलु–प्याज व्यवसायी संघको पहलमा पेठिया बजारका स्थानीय, व्यापारी तथा नागरिक समाजको सहयोगमा संकलित करिब ५ लाख रुपैयाँ बराबरको राहत सामग्री लिएर टोली प्रभावित क्षेत्रमा प्रस्थान गरेको हो।
संघका अध्यक्ष सुरज साहका अनुसार राहत सामग्रीमा १०७ बोरा चामल, ८ बोरा दाल, ११ बोरा आलु, ७ बोरा च्युरा, २७ बोरा मुरही, ८ बोरा नुन र ८ बोरा सोयाबडी रहेको छ।
बाढी प्रभावित परिवारलाई तत्काल आवश्यक पर्ने खाद्यान्न सामग्री संकलन गरी प्रभावित क्षेत्रमा पु¥याउन लागिएको अध्यक्ष साहले बताए । टोलीले प्रभावित क्षेत्रमा पुगेर स्थानीय आवश्यकता र अवस्थाको पहिचान गरी राहत सामग्री वितरण गर्ने जनाएको छ।
राहत सामग्रीसहित प्रस्थान गरेको टोलीलाई जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीसहितको टोलीले विदाइ गरेको थियो।
विदाइ कार्यक्रममा अध्यक्ष भण्डारीले विपद्को कठिन समयमा पीडित परिवारसम्म राहत पु¥याउने अभियान प्रशंसनीय रहेको बताए। उनले विपद्का बेला निजी क्षेत्र, व्यापारी तथा नागरिक समाजले देखाएको सहयोगी भावना महत्वपूर्ण रहेको उल्लेख गरे।
राहत सामग्री बोकेको टोली प्रभावित क्षेत्रमा पुगेपछि स्थानीय आवश्यकता पहिचान गरी सामग्री वितरण गर्ने जनाएको छ।

# कारागारका कैदीबन्दीले गरे ४५ हजार सहयोग

मधेशदृष्टि
सिरहा।
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सिरहा कारागारका कैदीबन्दीहरूले आर्थिक सहयोग गरेका छन्।
कैदीबन्दीहरूले स्वेच्छाले रकम संकलन गरी बुधबार राष्ट्रिय वाणिज्य बैंक, सिरहामार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ४५ हजार रुपैयाँ जम्मा गरेका हुन्।
भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत क्षेत्रमा ठूलो जनधनको क्षति भएको थियो।
विपद्बाट प्रभावित परिवारको उद्धार तथा राहत कार्यमा सहयोग पु¥याउने उद्देश्यले कैदीबन्दीहरूले आफ्नो तर्फबाट रकम संकलन गरी सहयोग गरेका हुन्।
सिरहा कारागारका कर्मचारी तथा कैदीबन्दीहरूले बाढीमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ तथा बेपत्ताहरूको सकुशल उद्धारको कामना गरेका छन्।




कारागार प्रशासक विकल श्रेष्ठले विपद्को कठिन समयमा मानवीय सहयोगका लागि रकम संकलन गरी सहयोग गर्ने सम्पूर्ण कैदीबन्दीप्रति धन्यवाद व्यक्त गरेका छन्।

# इनारमा खसेको बाख्रा निकाल्न पसेका युवकको निस्सासिएर मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको गणेशमान चारनाथ नगरपालिका–१ मा इनारमा खसेको बाख्रा निकाल्न पसेका एक युवकको निस्सासिएर मृत्यु भएको छ । मृत्यु हुनेमा सोही ठाउँका ३५ वर्षीय रामचन्द्र रौनियार रहेका छन्।
प्रहरीका अनुसार गोलघर नजिक रहेको सार्वजनिक इनारमा भदौ १३ गते बिहान बाख्रा खसेको थियो। बाख्रा निकाल्नका लागि रौनियार इनारभित्र पसेका थिए।
इनारभित्र पसेपछि अक्सिजनको अभावमा निस्सासिएर उनको मृत्यु भएको प्रारम्भिक जानकारी प्रहरीले दिएको छ।
घटनाबारे जानकारी पाएलगत्तै प्रहरी घटनास्थल पुगेर उद्धारको प्रयास गरेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# राप्रपाको नगर अधिवेशन



**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) धनुषाको नगर अधिवेशन जीतेन्द्र साहको अध्यक्षतामा मंगलबार भएको छ।
जनकपुरधाम उद्योग वाणिज्य संघको सभाहलमा भएको अधिवेशनमा प्रमुख अतिथि धीरेन्द्र झा थिए। उनले पार्टीका कार्यकर्ता र नेताहरूलाई पार्टीको संगठन निर्माणमा सक्रिय हुन आग्रह गरे । उनले नेपाललाई हिन्दू राष्ट्रको रूपमा स्थापित गर्ने लगायत धेरै समसामयिक मुद्दामा जानकारी पनि दिए। अधिवेशनमा राजदेव शाहलाई सर्वसम्मतिले नगर अध्यक्षमा निर्वाचित गरेको छ।
कार्यक्रममा पूर्व केन्द्रीय सदस्य श्रवण कुमार झा र नथुनीलाल दास विशिष्ट अतिथि थिए । जिल्ला उपाध्यक्ष रामनारायण ठाकुर, जीवछ मिश्र, सुरेन्द्र कुमार लाभ, शम्भु मिश्र, विक्रम पंजियार, रामचन्द्र मुखिया र अभयकान्त ठाकुरलगायतले बोलेका थिए।

# नेत्रदान सम्बन्धी सचेतना

**मधेशदृष्टि**
**वीरगंज।**
'युवा शक्ति–राष्ट्र शक्ति' भन्ने नाराका साथ वीरगंज स्थित डीएभी आरबी केडिया स्कुलमा नेत्रदान सम्बन्धी सचेतना कार्यक्रम भएको छ । 'नेत्रदान–एक वरदान' भन्ने मुख्य सन्देशसहित कार्यक्रम 'दृष्टिविहीनका लागि दृष्टि–२.०' अभियान अन्तर्गत सञ्चालन गरिएको हो।
तेरापन्थ युवक परिषद् वीरगंज र लायन्स क्लब अफ वीरगंज संस्कृति गोल्डको समन्वयमा आयोजित कार्यक्रममा नेत्रदानको महत्त्व, आवश्यकता तथा नेत्रदान सम्बन्धी जनचेतनाबारे जानकारी दिइएको थियो।
कार्यक्रममा तेरापन्थ युवक परिषद् वीरगंजका अध्यक्ष सुनील दुगर, नेत्रदान इन्टरनेसनलका सह–प्रभारी लोकेश जैन, नेत्रदान संयोजक सौरभ जैन र पंकज बैद, तेरापन्थ युवक परिषद्का सदस्य आशिष चोरडिया तथा नेत्र परीक्षण अधिकृत हरिकान्त शाह लगायतको सहभागिता रहेको थियो।
कार्यक्रमका प्रमुख अतिथि लायन्स डिस्ट्रिक्ट गभर्नर लायन रामबिहारी पाण्डे तथा विशिष्ट अतिथि पीएमसीसी तथा मल्टिपल संयोजक लायन रमेश अग्रवाल रहेका थिए । लायन्स क्लब अफ वीरगंज संस्कृति गोल्डका अध्यक्ष खुश्बु अग्रवालको अध्यक्षतामा कार्यक्रम भएको हो।

# धोबिनीको ५ लाख राहत मदत

**मधेशदृष्टि**
**वीरगंज।**
भोटेकोशी–त्रिशूली नदिमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा सहयोगका लागि पर्साको धोबिनी गाउँपालिकाले ५ लाख ११ हजार रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ । धोबिनी गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहानले सामाजिक सञ्जालमार्फत बाढीपीडितका लागि गाउँपालिकाको तर्फबाट ५ लाख ११ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेका हुन् । विनाशकारी बाढीका कारण ठूलो जनधनको क्षति भएको तथा धेरै नागरिक प्रभावित बनेको अवस्थामा पीडित परिवारलाई राहत पु¥याउने उद्देश्यले गाउँपालिकाले सहयोग गर्न लागेको अध्यक्ष चौहानले बताएका छन् । प्राकृतिक विपत्तिको कठिन अवस्थामा रसुवाका बाढीपीडित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै गाउँपालिकाले सहयोगको हात अघि बढाएको उनको भनाइ छ।
विपद्बाट प्रभावित परिवारलाई तत्काल राहत, उद्धार तथा आवश्यक मानवीय सहायता उपलब्ध गराउन सम्बन्धित निकायलाई समेत उनले आग्रह गरेका छन्।
यसैगरि विपद् प्रभावित नागरिकको राहत तथा उद्धारका लागि नेपाल बार एसोसिएसन रौतहटले १ लाख १ हजार रुपैयाँ सहयोग गरेको छ । नेपाल बार एसोसिएसन रौतहटले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार समितिको खातामा जम्मा गरिएको बार एसोसिएसन रौतहटका अध्यक्ष हेमचन्द्र लाल कर्णले जानकारी गराउनु भएको छ।




# पर्सा ख्रीष्टियान समाजद्वारा प्रशासनमार्फत सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा ख्रीष्टियान समाजले जिल्ला प्रशासन कार्यालय पर्सामार्फत आर्थिक सहयोग गरेको छ । जिल्लाभरका चर्चहरुद्वारा संकलन गरिएको भेटिदान एक मुष्ट ६१ हजार ३ सय ४० रुपैयाँ बाढीपीडितका लागि केही राहत होस भनेर जिल्ला प्रशासन मार्फत प्रधानमन्त्री राहतकोषमा जम्मा गरिएको पर्सा ख्रीष्टियान समाजका कोषाध्यक्ष रामप्रसाद घिमिरेले जानकारी दिए । कार्यक्रममा समाजका अध्यक्ष सिमोन राई सल्लाहकार, बाबुराम क्षेत्री, राम प्रसाद घिमिरे र राजेन्द्र महतो थारुको उपस्थिति थियो।

# मोटरसाइकल दुर्घटनामा मृत्यु

**मधेशदृष्टि**
**बारा।**
बारामा तीन वटा मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका–१६ स्थित ढुङ्ग्रे पुल नजिक बुधबार दिउँसो दुर्घटना भएको हो । दुर्घटनामा बा.प्र.०६–००८ प ३२३० नम्बरको मोटरसाइकल चालक चितवनको भरतपुर महानगरपालिका–१४ का ४६ वर्षीय रन्जन शर्मा गम्भीर घाइते भएका थिए । उनको एलएस न्युरो अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।
सडकमा बा.प्र.०६–००८ प ३२३०, ग १४ प २४१ र ग १६ प ५७८१ नम्बरका तीन मोटरसाइकल एकआपसमा ठोक्किएका थिए। दुर्घटनामा अन्य दुई मोटरसाइकलका चालकसमेत घाइते भएका छन् । उनीहरूको सोही अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे प्रहरीले थप अनुसन्धान अघि बढाएको जनाएको छ।

# बैंकर्स एसोसिएसन वीरगंजद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज।**
भोटेकोशी बाढीपीडितको सहयोगार्थ बैंकर्स एसोसिएसन वीरगंजले बुधवार आयोजना गरेको रक्तदान कार्यक्रममा ९ महिलासहित १ सय ११ जनाले रक्तदान गरेका छन् । एसोसिएसनका अध्यक्ष रोहिणी आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी भोला दहाल प्रमुख अतिथिका रूपमा सहभागी थिए।
कार्यक्रमलाई सम्बोधन गर्दै प्रजिअ दहालले विपद्का बेला रक्तदानको महत्व अझ बढ्ने बताए। कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघ वीरगंजका अध्यक्ष हरि गौतम, नेपाल इनोभेटिभ सोसाइटी पर्साका अध्यक्ष कमल चौगाई, युवा नेता अरविन्द सिंहलगायतको आतिथ्यता थियो।
रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेको नेतृत्वमा रहेको प्राविधिक टोलीले सेवा पु¥याएको नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाका कोषाध्यक्ष अभिलाष गुप्ताले जानकारी दिए।

# १५ दिनभित्र घरटहरा हटाउन...

कारबाही गरिने चेतावनी दिइएको छ । डिभिजन वन कार्यालयका अनुसार अतिक्रमित क्षेत्रको पूर्वतर्फ दुधौरा खोला, पश्चिमतर्फ पथलैया सामुदायिक वन, उत्तरतर्फ पूर्व–पश्चिम राजमार्ग र दक्षिणतर्फ पथलैया सामुदायिक वनको खयरघारी क्षेत्र रहेको छ।
डिभिजनल वन अधिकृत सुजितकुमार झाले जारी गरेको सूचनामा वन ऐन, २०७६ को दफा ४९ (ग) अनुसार वन क्षेत्रमा अनधिकृत रूपमा घरटहरा निर्माण गरी बसोबास गर्न नपाइने उल्लेख गरिएको छ । कार्यालयका अनुसार अतिक्रमित क्षेत्र दुधौरा खोलाको बाढीको उच्च जोखिममा समेत रहेको छ। यो क्षेत्र बाघ, हात्तीलगायत वन्यजन्तुको नियमित आवतजावत हुने कोर क्षेत्रभित्र पर्ने भएकाले मानव बस्ती विस्तार हुँदा जनधनको क्षति तथा मानव–वन्यजन्तु द्वन्द्व बढ्ने जोखिम रहेको बताइएको छ।
त्यस्तै, अनधिकृत बसोबास तथा संरचना निर्माणका कारण वनजन्य अपराध बढ्न सक्ने सम्भावना पनि रहेको डिभिजन वन कार्यालयले जनाएको छ। वन क्षेत्रको संरक्षण, वन्यजन्तुको सुरक्षित आवागमन तथा स्थानीय बासिन्दाको सुरक्षालाई ध्यानमा राख्दै अतिक्रमण हटाउन सूचना जारी गरिएको कार्यालयको भनाइ छ।
कार्यालयले भूमि ऐन, २०२१ को आठौँ संशोधनको दफा ५२ ख (४) को खण्ड (ख) र (ग) अनुसार उक्त क्षेत्र नकारात्मक सूचीमा पर्ने भएकाले भूमिसम्बन्धी समस्या समाधान आयोगमार्फत समेत सो जग्गा वितरण गर्न नसकिने स्पष्ट पारेको छ । सूचना टाँस भएको मितिले १५ दिनभित्र आफूले निर्माण गरेका घरछाप्रो तथा टहरा स्वेच्छाले हटाएर वन क्षेत्र खाली गर्न सम्बन्धित व्यक्तिलाई आग्रह गरिएको छ।
तोकिएको समयभित्र अतिक्रमण नहटाए वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ अनुसार आवश्यक कारबाही अघि बढाइने डिभिजन वन कार्यालय बाराले जनाएको छ।

# तीन दाजुभाइको प्रतीक्षामा...

ठाउँमा डेरा लिएर बस्दै आएका थिए। बाढी आएकै दिनदेखि अजय सम्पर्कमा नआएपछि उनको घरमा सन्नाटा छाएको छ। घरमा चुलोसमेत बल्न सकेको छैन । उनको आमाबुबा छिनछिनमा मुर्छित् पर्दै आएका छन्। अन्य परिवार चिन्तामा छन्।
उनको मामाका छोरा श्यामसुन्दर यादव भाइको खोजीमा रसुवासम्म पुगे । भाइको कुनै पत्तो नलागेको जानकारी दिए । रसुवाकै मेलुङ्ग–५ एमभी हाइड्रोपावरमा कार्यरत सुरुङ्गा नगरपालिका–२ का सरोज चौधरी पनि भोटेकोशीमा आएको बाढीपछि सम्पर्कविहीन छन्। उनको अवस्थाबारे यथाशीघ्र सार्वजनिक गर्न परिवारले सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ।
सुरुङ्गा नगरपालिका–७ बसानपट्टीका एक आमाछोरा पनि बाढीपछि सम्पर्कविहीन छन् । बसानपट्टीका दुर्गानन्द रामकी पत्नी गीता राम र उनका तीन वर्षीय छोरा दिवासकुमार राम बाढीपछि सम्पर्कविहीन छन्।
दुर्गानन्द राम करिब तीन वर्षअघि मोटरसाइकल ग्यारेजमा काम गर्न नुवाकोटको त्रिशूली बजारमा पत्नी र छोरासहित बस्दै आएका थिए। दुर्गानन्द राम सकुशल रहे पनि आमाछोरा अझै सम्पर्कविहीन छन् । यता नुवाकोट, हाइड्रोपावरमा कामदारका रूपमा कार्यरत खडक नगरपालिका–५ रञ्जितपुरका २८ वर्षीय सन्तोष चौधरीको मृत्यु भएको पुष्टि भएको छ । उनको शव गण्डकी अस्पताल कास्की, पोखरामा पहिचान गरिएको सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवले बताए। उनले भने, 'बेपत्ताको खोजीकार्य जारी छ । कुनै सूचना आए पीडितपरिवारलाई तत्काल जानकारी दिन्छौँ।'
बाढीका कारण बोदेबरसाइन नगरपालिका आसपासका झन्डै ४८ व्यक्ति अहिलेसम्म सम्पर्कमा आउन नसकेपछि उनीहरूको परिवार पीडामा छ। सुरूङ, टनेलमा फसेकाको तत्काल उद्धार गर्न पीडितपरिवारले सरकारसँग माग गरेका छन्।
मधेश प्रदेश प्रहरी कार्यालयको मङ्गलबारको तथ्याङ्कअनुसार रसुवा बाढीमा १ सय ६४ जना अझै सम्पर्कविहीन छन् भने १ सय ९५ जना बेपत्ता भएकामा ३० जना सम्पर्कमा आइसकेका छन्। एक जनाको मृत्यु भएको पुष्टि भएको छ। सप्तरीका ४९ जनामध्ये एक जना सम्पर्कमा र एक जनाको मृत्यु भएको छ।
रसुवा भोटेकोशी नदीमा आएर भएको बाढीले जनधनको क्षति र एक जनाको मृत्यु र ४८ जना सम्पर्कविहीन भएपछि सिङ्गो सप्तरी यतिबेला शोकमा डुबेको छ।

# 'कहिले आउला छोराको...

नआएपछि बहिनी एरम खातुन पनि गहिरो पीडामा छन्।
रसुवाको बाढीले महोत्तरीका यी दुई परिवारलाई मात्र होइन, अन्य आठ परिवारलाई समेत आफन्तको खबरको प्रतीक्षामा राखेको छ । बाढीपछि सम्पर्कविहीन आफन्तको अवस्था थाहा नहुँदा परिवारमा हरेक दिन आशा र निराशाबीच बितिरहेको छ।
यद्यपि, यसबीचमा भोटेकोशी र त्रिशूलीमा आएको बाढीपछि सम्पर्कविहीन भएका महोत्तरीका पाँच जना परिवारको सम्पर्कमा आएको सुखद खबर पनि आएको छ । पाँच परिवारमा आफन्तको खबर पुगे पनि बाँकी परिवारका लागि भने हराएका आफ्नाको खोजी र सकुशल घर फर्किने आशा अझै जारी छ।

# मन्दिर निर्माणमा अवरोध र विभेदको आरोप

**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको पिपरा गाउँपालिका–३ बन्चटोलवाका दलित समुदायले पुस्तौँदेखि पूजाआराधना गर्दै आएको धार्मिकस्थलमा मन्दिर निर्माण गर्न खोज्दा जातीय विभेद, सामाजिक बहिष्कार, कुटपिट र धम्कीको सामना गर्नुपरेको आरोप लगाएका छन्।



दलित समुदायका राजेश दास, गणेश दास तत्मा, रामनाथ पासवान र भोला दासलगायतले बुधबार पत्रकार सम्मेलन गर्दै चन्दा संकलन गरी पुरानो चम्पा देवीको मन्दिर पुनर्निर्माण गर्न खोज्दा केही स्थानीयले अवरोध गरेको बताएका हुन्।
उनीहरूका अनुसार सिंगारिया पोखरीको दक्षिण र पश्चिम मोहडामा रहेको चम्पा देवीको पुरानो मन्दिर यसअघि झोपडीजस्तो अवस्थामा थियो। दलित समुदायले आफ्नै पहल र चन्दा संकलनबाट व्यवस्थित संरचना निर्माण गर्न थालेपछि केही स्थानीयले काम रोक्न दबाब दिएको, गालीगलौज गरेको तथा कुटपिटसमेत गरेको उनीहरूको आरोप छ।
पीडित पक्षले आफूहरूमाथि भएको भनिएको कुटपिटमा विजय साह र सुरज साहलगायत संलग्न रहेको आरोप लगाएका छन्। लाठी तथा अन्य हतियार प्रयोग गरी भएको भनिएको आक्रमणमा एक जनाको नाकको हड्डी भाँचिएको र अन्य केही व्यक्ति घाइते भएको उनीहरूको दाबी छ।
घाइतेको अस्पताल परीक्षण प्रतिवेदन, एमआरआई तथा एक्स–रे रिपोर्ट हुँदाहुँदै पनि प्रहरीले जाहेरी दर्ता गर्न नमानेको आरोपसमेत उनीहरूले लगाएका छन्। दलित समुदायले उक्त स्थानमा पुस्तौँदेखि च्याम्हाई महारानी अर्थात् दुर्गा देवीको स्वरूपको पूजा गर्दै आएको बताएका छन्। धार्मिक आस्थासँग जोडिएको पुरानो स्थलमा मन्दिर निर्माण गर्न खोज्दा आफूहरूमाथि विभेद र अवरोध गरिएको उनीहरूको गुनासो छ।
उनीहरूले सोही क्षेत्रमा बाबा गणिनाथको मन्दिर निर्माणका क्रममा सार्वजनिक स्रोतको प्रयोग हुँदा कुनै अवरोध नभएको, तर दलित समुदायले आफ्नो धार्मिकस्थलमा मन्दिर बनाउन खोज्दा रोक लगाइएको आरोप लगाएका छन्।
यसैबीच, गाउँपालिका अध्यक्ष रामजानकी यादवले पदको दुरुपयोग गरी सार्वजनिक बजेटबाट शाह समुदायलाई मात्र लाभ पुग्ने गरी गणिनाथ बाबा मन्दिर निर्माण गराएको आरोपसमेत उनीहरूले लगाएका छन्। आफूहरूले चन्दा उठाएर मन्दिर निर्माणका लागि माटो पुर्ने काम सुरु गर्दा गाउँपालिका अध्यक्षले गालीगलौज गर्दै काम रोक्न लगाएको र विवाद समाधानका लागि बोलाइएको छलफलमा समेत निष्पक्ष निर्णय नभएको उनीहरूको आरोप छ।
घटनाबारे जिल्ला प्रशासन कार्यालय महोत्तरीमा छलफल भए पनि न्याय पाउन नसकेको पीडित पक्षको भनाइ छ। उनीहरूले प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवमाथि समेत विभेदकारी र अपमानजनक व्यवहार गरेको आरोप लगाएका छन्।
उजुरीकर्ताका अनुसार २०८३ भदौ १६ गते प्रमुख जिल्ला अधिकारी यादवको रोहबरमा भएको छलफलमा आफूहरूलाई होच्याउने अभिव्यक्ति दिइएको थियो। प्रमुख जिल्ला अधिकारीले दलित समुदायलाई लक्षित गर्दै अपमानजनक शब्द प्रयोग गरेको र मन्दिर करिब ५०० मिटर टाढा बनाउन भनेको आरोप उनीहरूले लगाएका छन्।
त्यस्तै, मुद्दा दर्ता गरे जरिवाना तथा कारबाही गर्ने भन्दै धम्क्याइएको र दलित समुदायको जाहेरी दर्ता नगर्न दबाब दिइएको आरोपसमेत उनीहरूले लगाएका छन्। छलफलका क्रममा गाउँपालिका अध्यक्ष यादव तथा अन्य पक्षका मानिस उपस्थित रहेकै अवस्थामा दलित प्रतिनिधिहरूलाई उठ्न दबाब दिइएको दाबी पनि उजुरीमा गरिएको छ।
पीडित पक्षले प्रशासनिक निकायबाटै जातीय विभेद र अपमानजनक व्यवहार भएको आरोप लगाउँदै घटनाको निष्पक्ष छानबिनको माग गरेको छ। जातीय विभेद, कुटपिट, धम्की तथा सार्वजनिक स्रोतको दुरुपयोगमा संलग्न रहेको आरोप लागेकामाथि कानुनी कारबाही गर्न उनीहरूले राष्ट्रिय दलित आयोगसमक्ष आग्रह गरेका छन्।
दलित आयोगमा दिइएको उजुरीमा दलित समुदायको धार्मिक आस्था तथा संवैधानिक अधिकारमाथि हस्तक्षेप भएको दाबी गरिएको छ। उनीहरूले आफ्नो धार्मिक स्वतन्त्रता, सुरक्षा र न्याय सुनिश्चित गर्न आयोग तथा सम्बन्धित निकायबाट आवश्यक पहल हुनुपर्ने माग गरेका छन्।
उनीहरूले नेपालको संविधानको धारा २४ ले सुनिश्चित गरेको छुवाछुत तथा भेदभावविरुद्धको हक र धारा ४० मा व्यवस्था गरिएको दलितको हक उल्लङ्घन भएको दाबी गरेका छन्। साथै, जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ विपरीतका गतिविधिको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न माग गरेका छन्।

# सडक अवरोध हटाउन ३० मिनेटभित्र हेभी इक्युपमेन्ट परिचालन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
वर्षा, प्राकृतिक प्रकोप तथा विभिन्न कारणले राजमार्ग र मुख्य सडकमा हुने अवरोध तत्काल हटाउन महोत्तरीमा सुरक्षा निकाय र सम्बन्धित सरोकारवाला निकायलाई थप सक्रिय बनाइने भएको छ।
जिल्ला सुरक्षा समितिले 'राजमार्ग तथा सडकलाई अवरोधरहित रूपमा सञ्चालन गर्ने कार्ययोजना, २०८३' स्वीकृत गर्दै सडक अवरोध हटाउन सुरक्षा निकाय र सरोकारवाला निकायबीच प्रभावकारी समन्वय गर्ने निर्णय गरेको हो।
निर्णयअनुसार जिल्लाका मुख्य राजमार्ग तथा सहायक सडकमा बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोपका कारण अवरोध भए सडक डिभिजन कार्यालयले आवश्यक हेभी इक्युपमेन्ट चौबीसै घण्टा तयारी अवस्थामा राख्नुपर्नेछ। महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार अवरोधको सूचना प्राप्त हुनासाथ नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग समन्वय गरी बढीमा ३० मिनेटभित्र जेसिबी, एस्काभेटर र चालकसहितको टोली घटनास्थलमा पुग्ने व्यवस्था मिलाइनेछ।
त्यस्तै, विभिन्न माग तथा विरोधका नाममा हुने चक्काजाम, धर्ना वा सडक दुर्घटनाका कारण राजमार्ग अवरुद्ध भए जिल्ला सुरक्षा समितिको नेतृत्वमा सुरक्षा निकाय परिचालन गरी तत्काल सडक खुलाइने भएको छ। कानुनविपरीत सडक अवरोध सिर्जना गर्ने पक्षलाई कानुनी दायरामा ल्याउन सुरक्षा निकाय सक्रिय रहने निर्णयसमेत गरिएको छ।
राजमार्ग तथा मुख्य सडकको दायाँबायाँ अनधिकृत रूपमा राखिएका ढुङ्गा, बालुवा, गिट्टीलगायत निर्माण सामग्री, अवैध पार्किङ तथा छाडा चौपायाका कारण हुने अवरोध हटाउन सम्बन्धित सडक कार्यालयले स्थानीय तह र नेपाल प्रहरीसँग समन्वय गर्ने भएको छ।
सडक डिभिजन, हुलाकी सडक निर्देशनालय, योजना कार्यालय तथा जनकपुरधाम–कमला–ढल्केवर–पथलैया सडकको पूर्वी खण्डअन्तर्गत पर्ने सडकमा रहेका पुल तथा कल्भर्टमुनि बाढीले बगाएर ल्याएका रुख, माटो, ढुङ्गालगायतका वस्तु नियमित अनुगमन गरी तत्काल हटाइने निर्णय भएको छ।
सडक दुर्घटना न्यूनीकरणका लागि जोखिमयुक्त सडकखण्डको नियमित अनुगमन गर्ने, आवश्यक स्थानमा चेतावनी बोर्ड तथा संकेत चिह्न राख्ने र सुरक्षा व्यवस्था मिलाउने निर्णय पनि गरिएको छ।
यसैगरी, ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन, क्षमताभन्दा बढी यात्रु तथा मालसामान ओसारपसार नियन्त्रण तथा सवारीसाधनको नियमित अनुगमनमा कडाइ गर्ने निर्णय गरिएको छ।
स्थानीय तह तथा गैरसरकारी संस्थासँग समन्वय गरी ट्राफिक प्रहरीले सडक प्रयोग र ट्राफिक व्यवस्थासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णयसमेत गरिएको छ।
सडक अवरोधका कारण नागरिकको आवागमन तथा अत्यावश्यक सेवामा असर नपरोस् भन्ने उद्देश्यले सम्बन्धित सबै निकायलाई आ–आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा कार्यान्वयन गर्न जिल्ला सुरक्षा समितिले निर्देशन दिएको छ।

# अपराधरहित समाज बनाउन नगरप्रमुखलाई ज्ञापनपत्र

**मधेशदृष्टि**
**बारा।**
कलैया उपमहानगरपालिकालाई सुरक्षित, व्यवस्थित तथा अपराधरहित सभ्य समाजका रूपमा विकास गर्न माग गर्दै स्थानीय युवाहरूले नगर प्रमुख बिनोद साहलाई ज्ञापनपत्र बुझाएका छन्। विभिन्न राजनीतिक, गैरराजनीतिक, पेसाकर्मी, विद्यार्थी तथा युवाहरुको साझा उपस्थितिमा नगर प्रमुखसमक्ष ६ बुँदे प्रमुख मागहरूसहित ध्यानकर्षण गराइएको हो। ज्ञापनपत्रमा कलैया उपमहानगरपालिकामा विगत केही वर्षमा सञ्चालित विकास परियोजनाहरूले जनस्तरमा अपेक्षित परिवर्तन र आधुनिकता ल्याउन नसकेको भन्दै युवाहरूले असन्तुष्टि व्यक्त गरेका छन्।
पछिल्लो समय कलैयामा असुरक्षा महसुस हुने अवस्था सिर्जना भएको, पर्याप्त सडकबत्तीको अभाव रहेको, र प्रभावकारी रात्रिकालीन सुरक्षा गस्ती तथा प्रविधिको प्रयोग हुन नसकेको भन्दै स्थानीय सरकारको ध्यानाकर्षण गराइएको छ।

# पोखरीको ठेक्का लगाउन महानगरलाई किन सकस ?



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका अन्तर्गतका घडिअर्वा पोखरी, स्विमिङ पुल, मिना बजार र पुरानो बसपार्कको ठेक्का सम्झौताको अवधि सकिएको डेढ महिना भन्दा बढी अवधि बितिसकेको छ। ठेक्का सम्झौता सकिए पछि ती संरचना महानगरपालिकाको जिम्मामा आउनु पर्ने हो तर अझै पनि यो संरचना महानगरको जिम्मामा नआएपछि गम्भीर प्रश्न उठेको छ।
ठेक्का अवधि गत असार मसान्तमै समाप्त भएको हो। कतिपय स्थानमा ठेकेदार पक्षबाट अझै पनि शुल्क असुली भइरहेको महानगरबासीले बताएका छन्। महानगरपालिकाले नयाँ ठेक्का प्रक्रिया अघि नबढाउनुले कुनै चलखेल छ कि भन्ने प्रश्न उठेको छ। घडिअर्वा पोखरी, स्विमिङ पुल र मिना बजार महानगरपालिकाका महत्वपूर्ण राजस्व स्रोत हुन्।
यी संरचनाको ठेक्का समयमै व्यवस्थापन हुन नसक्दा महानगरपालिकाको नियमित आम्दानीमा समेत प्रत्यक्ष असर पर्छ। ठेकेदारले अझै पनि घडिअर्वा पोखरीमा पर्यटक तथा सर्वसाधारणबाट प्रवेश शुल्क उठाइएको पाइएको छ। शुल्क बुझाएपछि दिइने रसिदमा मिति उल्लेख नगरिएको तथा कर्मचारीले रसिद फिर्ता लिने गरेको सेवाग्राहीले बताए।
महानगरपालिकाका राजस्व शाखा प्रमुख मनोज कर्णका अनुसार घडिअर्वा पोखरीको पाँच वर्षे ठेक्का सम्झौता आर्थिक वर्ष २०७८–७९ मा भएको थियो। वार्षिक १६ लाख १५ हजार रुपैयाँबाट सुरु भई प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि हुने गरी गरिएको सम्झौताअनुसार पाँच वर्षमा महानगरपालिकाले ९८ लाख ५९ हजार ७ सय ३६ रुपैयाँ प्राप्त गर्नुपर्ने थियो। तर केही रकम अझै भूक्तानी लिन बाँकी छ। स्विमिङ पुलको ठेक्का पनि असार मसान्तमै सकिएको हो। मिना बजारको तीन वर्षे ठेक्का गत असार मसान्तमै समाप्त भइसकेको छ। पुरानो बसपार्कको पाँच वर्षे ठेक्का पनि समाप्त भइसकेको छ। ठेक्का अवधि सकिएपछि महानगरपालिकाले पुनः नयाँ ठेक्का लगाउनु पर्नेमा पुरानै ठेकेदारले रकम उठाइरहनुले महानगरका पदाधिकारी एवं प्रशासन प्रमुखहरू माथि नगरबासीले प्रश्न गर्न थालेका छन्।

# सहोडवामा ४९३ जग्गाधनीलाई लालपुर्जा वितरण



**मधेशदृष्टि**
**महोत्तरी।**
पिपरा गाउँपालिका–५ सहोडवामा ४९३ जना जग्गाधनीलाई गाउँब्लक जग्गाको जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) वितरण गरिएको छ।
बुधबार आयोजित कार्यक्रममा लामो समयदेखि लालपुर्जाको प्रतीक्षामा रहेका स्थानीयलाई सम्बन्धित जग्गामाथिको स्वामित्व प्रमाणित हुने गरी प्रमाणपुर्जा वितरण गरिएको हो।
लालपुर्जा वितरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जग्गाको स्वामित्वसँग जोडिएको प्रमाणपुर्जा प्राप्त हुनु स्थानीय नागरिकका लागि महत्वपूर्ण उपलब्धि भएको बताए।
वर्षौंदेखि गाउँब्लक जग्गाको स्वामित्व प्रमाणित हुन नसक्दा स्थानीयले विभिन्न समस्या भोग्दै आएको उल्लेख गर्दै उनले लालपुर्जा वितरणसँगै ती समस्या समाधान हुने विश्वास व्यक्त गरे।
उनले भने, 'लालपुर्जा प्राप्त भएपछि नागरिकको जग्गामाथिको कानुनी स्वामित्व थप सुनिश्चित हुन्छ। यसले जग्गाको कारोबार, संरक्षण तथा आगामी पुस्तामा हस्तान्तरण गर्नसमेत सहज बनाउँछ।'
गाउँब्लक जग्गासम्बन्धी बाँकी समस्या समाधानका लागि सम्बन्धित निकायबीच आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिनुपर्नेमा प्रमुख जिल्ला अधिकारी यादवले जोड दिए। वास्तविक जग्गाधनीको पहिचान गरी आवश्यक प्रक्रिया पूरा गरेर प्रमाणपुर्जा उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो।
लामो समयदेखि उपभोग गर्दै आएको जग्गाको लालपुर्जा पाएपछि स्थानीयले खुसी व्यक्त गरेका छन्। प्रमाणपुर्जा प्राप्त भएसँगै जग्गाको स्वामित्वसम्बन्धी लामो समयदेखिको अन्योल अन्त्य भएको र आफ्नो जग्गा कानुनी रूपमा नाममा कायम भएको अनुभूति भएको उनीहरूले बताएका छन्।

# एमाले वीरगंज महानगरमा सुन्दर कुर्मी संयोजक

**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा एमाले वीरगंज महानगर कमिटीको संयोजकमा सुन्दर राउत कुर्मी नियुक्त भएका छन्। नेकपा एमाले पर्साका अध्यक्ष डा. विश्वम्भर शर्माले बुधबार कुर्मीलाई महानगर कमिटीको संयोजकमा मनोनीत गरेका हुन्। भदौ २ गते सम्पन्न एमाले पर्सा जिल्ला कमिटीको बैठकले रिक्त रहेको वीरगंज महानगर कमिटीको अध्यक्ष र उपाध्यक्ष पदमा पदपूर्ति गर्ने निर्णय गरेको थियो। सोही निर्णयअनुसार महानगर कमिटीको संयोजकको जिम्मेवारी कुर्मीलाई दिइएको जिल्ला अध्यक्ष शर्माले जानकारी दिए। महानगर कमिटीको नेतृत्व चयनका लागि पार्टीले गरेको निर्णयअनुसार कुर्मीलाई संयोजकको जिम्मेवारी दिइएको एमाले पर्साले जनाएको छ।

# वृद्ध मृत फेला

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज स्थित गहवामाई मन्दिर अगाडि पार्कमा एक जना बृद्ध मृत अवस्थामा फेला परेका छन्। पार्कको सिंढीमा आराम गरे जसरी बसिरहेको अवस्थमा बृद्धको शव फेला परेको हो। बुधबार विहान करिब ११ बजे देखि भूइतर्फ अनुहार गरेर टुक्रुक्का बसेका बृद्धलाई लामो समय एउटै मुद्रमा देखे पछि, दिउँसो ४ बजे स्थानीयले प्रहरीलाई खबर गरेका थिए।
आकाशे रंगको पाइन्ट, सोही रंगको हाप सर्ट र खैरो रंगको स्टकोट लगाएका करिब ६५ बर्ष उमेरको देखिने बृद्धको चश्मा भूइमा झरेको अवस्थामा फेला परेको थियो। मृतकको पहिचान भइनसकेको प्रहरीले जनाएको छ।

# गोरखापत्रका पूर्वमहाप्रबन्धक उपाध्यायको निधन

**बारा।**
गोरखापत्र दैनिकका पूर्वमहाप्रबन्धक बसन्तप्रकाश उपाध्यायको आज निधन भएको छ।पर्साको वीरगंज महानगरपालिका–४ गहवामाई मन्दिर अगाडीको चौतारोमा उनी बुधबार अचेत अवस्थामा भेटिएका थिए।
तनहुँको भानु नगरपालिका–१ भन्सारपुल घर भएका ५५ वर्षीय उपाध्यायलाई अचेत अवस्थामा देखेर स्थानीयले प्रहरीलाई खबर गरेका थिए।खबर पाउने बित्तिकै वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरी टोलीले उपाध्यायलाई उद्धार गरी उपचारका लागी नारायणी अस्पताल वीरगंज पु¥याएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए।'
अचेत अवस्थामै उहाँलाई अस्पताल पुर्‍याएका थियौँ,' प्रवक्ता मल्लले भने, 'चिकित्सकले उपाध्यायको निधन भइसकेको जानकारी गराए।' उपाध्यायको शव नारायणी अस्पतालमै राखिएको र उनको परिवारका सदस्यहरुसँग सम्पर्क गर्ने प्रयास भइरहेको प्रवक्ता मल्लले जानकारी दिए।

# लक्ष्मीनिया गाउँपालिकाद्वारा ३० लाख रुपैयाँ सहयोग

**जनकपुर।**
धनुषाको लक्ष्मीनिया गाउँपालिकाले करिब ३० लाख रुपैयाँ सहयोग गर्ने भएको छ।
आज गाउँ कार्यपालिकाको बसेको बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २९ लाख ६५ हजार ५८२ रुपैयाँ जम्मा गर्ने निर्णय गरेको हो।
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि गाउँ कार्यपालिकाको बसेको बैठकले सो निर्णय गरेको छ।
गाउँपालिकाले भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको अभूतपूर्व बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गरेको छ।

# ढोका फोरेर सुनचाँदी चोरी आरोपमा दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा घरको ढोका फोडेर सुनचाँदीका गरगहना चोरी गरेको आरोपमा प्रहरीले बाराका दुई युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बाराको सिम्रौनगढ नगरपालिका–१० देवापुर टेटाका २० वर्षीय अर्जुन यादव र उनका साथी २० वर्षीय ओमप्रकाश यादव रहेका छन्। प्रहरीका अनुसार बाराको कोल्हबी नगरपालिका–१० घर भई हाल वीरगंज महानगरपालिका–१५ मा डेरा गरी बस्दै आएकी आरतीकुमारी चौधरीको कोठामा भदौ १४ गते दिउँसो चोरी भएको थियो। चौधरी घरमा नभएको मौका छोपी ढोकाको ताल्चा फोडेर कोठाभित्र प्रवेश गरी सुनचाँदीका गरगहनालगायतका सामान चोरी भएको प्रहरीले जनाएको छ। घटनापछि प्रहरीले चोरीमा संलग्न व्यक्तिको खोजी तथा अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा यादवद्वयलाई चोरीमा संलग्न रहेको आरोपमा पक्राउ गरिएको हो। प्रहरीका अनुसार पक्राउ परेका दुवै युवक पनि पीडित चौधरी बस्दै आएको घरको छेउमै डेरा लिएर बस्दै आएका थिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन